'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ५१ शुक्रवार ०२ कार्तिक, २०८१ 18 (Friday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### एमालेमा जग्गा दान प्रकरण

## जग्गा सहयोग लिँदा कुनै अदृश्य सम्झौता गरिएको छैन : पोखेल

भीम रावत

कोहलपुर, कार्तिक/०१



नेकपा एमालेले आफ्नो पार्टीको केन्द्रीय कार्यालय बनाउनका लागि उपयुक्त ठाउँमा जग्गा खोजिरहेको बेला पार्टीको कुनै शुभचिन्तकले जग्गा दान दिनु नजायज हो भन्ने लाग्दैन । यस विषयलाई अनावश्यक रुपमा राजनीतिक बहसको विषय बनाउन हुँदैन । किनभने मीन बहादुर गुरुङसँग जग्गा सहयोग लिँदा कुनै अदृश्य सम्झौता नगरेको नेकपा एमालेका महासचिव शंकर पोखेलले दाबी गरेका छन्। एमालेले कुनै व्यवसायीबाट जग्गा सहयोग लिनु आश्चर्यको विषय नभएको पोखरेलले पोखेलको स्वीकारोक्ति थियो । कोहलपुरमा बिहीबार कार्यकर्तालाई सम्बोधन गर्दै महासचिव पोखरेलले हामीलाई पार्टी कार्यालय बनाउन जग्गा चाहिएको थियो । उपयुक्त ठाउँमा जग्गा खोजि गरिरहेका थियौं । यही समयमा व्यवसायी मीन बहादुर गुरुङले आफूसँग भएको १० रोपनी १४ आना जग्गा एमाले पार्टी कार्यालय बनाउनका लागि दिन्छु भने पछि सहर्ष स्वीकार गरेको बताएका हुन । पोखरेलले व्यवसायी मीनबहादुर गुरुङ जोडिएको बालुवाटारको सरकारी जग्गा ललिता निवास प्रकरणसँग एमालेलाई दान दिएको कीर्तिपुरको जग्गासँग कुनै साइनो नभएको समेत दाबी गरे । पोखेलले थपे, 'मीन बहादुर गुरुङले एमालेलाई पार्टी कार्यालय बनाउने जग्गा दिन इच्छा जाहेर गर्नुभयो । हाम्रो सचिवालयको बैठकले जग्गा सहयोग स्वीकार गर्ने निर्णय गरेकाले लिएका हौं' । एमालेलाई कमजोर बनाउन चाहनेहरुले व्यवसायी मीन बहादुर गुरुङ र एमाले बिचमा फाटो ल्याउने नियतका साथ जग्गा सहयोग लिएको विषयलाई अनावश्यक रूपमा गलत प्रचार गरेको पोखेलको आरोप छ । एमालेका कार्यकर्ताहरुले यस्तो गलत आरोपको डटेर सामना गर्नुपर्छ ।

## न्यून गुणस्तरको चामल नाकाबाटै फिर्ता

नमस्ते समचारदाता

बाँके, कार्तिक/०१



नेपालगन्जका व्यापारीले व्यावसायिक प्रयोजनका लागि भारतबाट ल्याएको ८५ हजार किलो चामलको गुणस्तर परीक्षण गर्दा न्यून गुणस्तर भएको भेटिएपछि बुधवार फिर्ता पठाइएको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले नेपालगञ्जले जनाएको छ। चामल गुणस्तरहीन रहेको फेला परेपछि नाकाबाटै फिर्ता पठाइएको छ। नेपालगन्ज एकीकृत जाँच चौकी स्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गतको खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयले परीक्षण गर्दा क्षतिग्रस्त दानाको मात्रा अत्याधिक रहेको पाइएको कार्यालयले प्रेस विज्ञप्ति मार्फत जानकारी गराएको हो । चामल नेपाल सरकारले चामल आयातका लागि तोकेको अनिवार्य मापदण्ड बमोजिम न्यूनस्तर रहेको पाइएको विभागको भनाई छ । नेपालका विभिन्न भन्सार नाकामा रहेका १२ वटा खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयहरूमा देश बाहिरबाट आयात गरिने खाद्यान्नहरुको गुणस्तर परीक्षण गर्दिँदै आएको छ । नेपालगन्ज, धनगढी, गयाचौकी महेन्द्रनगर, काँकडभित्ता, विराटनगर, जलेश्वर, वीरगन्ज, बेलहिया भैरहवा, कृष्णनगर, तातोपानी, टिमुरे, रसुवा र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंका प्रयोगशालाहरूबाट भन्सार बिन्दुमै खाद्य पदार्थहरूको गुणस्तर परीक्षण तथा नियमन कार्य नियमित रूपमा गरिँदै आएको विभागले जनाएको छ ।

## पुल नबन्दा सधैं दुःख



नमस्ते समचारदाता

कालीकोट, कार्तिक/०१

कालीकोट जिल्लाको पलाँता गाउँपालिका सिधा सडक सम्पर्कबाट अझै पनि जोडिन सकेको छैन । कर्णाली नदी पारि बस्ती भएकाले पलाँता गाउँपालिका सडक सम्पर्कबाट वञ्चित भएको हो ।२०७६ फागुन १ गते तत्कालीन गाउँपालिकाका अध्यक्ष लक्ष्मणबहादुर बमले तेलका खाली ड्रम बिछ्याएर कर्णाली नदीमाथि गाडी राखेर नदी पार गरेर आफ्नै यातायात सञ्चालनमा ल्याउनुभएको थियो । बमको कार्यकाल भरि पलाँताका बासिन्दाले पालिकाभित्र यातायातको सुविधा पाए पनि पछिल्लो समयमा भने उक्त सेवा बन्द भएको छ । कर्णाली नदीमा पुल नबनेका कारणले पलाँताका बासिन्दाले गाउँपालिकाभित्र यातायातको सेवा पाउन सकेको छैन। पलाँता गाउँपालिका-२ का गोरेबहादुर बमले २०७६ फागुनयता २०७९ सालको असारसम्म यातायात सेवा पाए पनि त्यसयता भने पूर्ण रूपमा बन्द भएको गुनासो गर्नुभयो। पलाँतामा अन्य सार्वजनिक यातायातबाट सेवा लिनका लागि कर्णाली नदीमा पुल छैन । पुलको अभावले गर्दा यहाँका बासिन्दा झोलुङ्गे पुलको यात्रा गरेर कर्णाली कोरिडोर हुँदै सदरमुकाम मान्म, सुर्खेत नेपालगन्जको यात्रा गर्ने गरेका छन् । कर्णाली नदीमा पुल बनाउने सुरसार न सङ्घीय न प्रदेश सरकारले गरेका छैनन् । पलाँताको घाटाचौरमा फेरी जडान गर्ने भनेर रकम विनियोजन भए पनि काम भने अझै हुन सकेको छैन। पलाँतामा अघिल्लो कार्यकालमा सबै ठाउँमा सडक पुगेको थियो । २०७९ सालमा निर्वाचित सरकारले उक्त सडकलाई मर्मत गरेर मोटरसाइकल सञ्चालन हुनेसम्म बनाएको छ । कर्णालीपारि तारिएका दुई वटा ट्याक्टरले सामान ढुवानी गरिरहेका छन् भने त्यही सामानमाथि यात्रु बसेर जोखिमपूर्ण यात्रा गर्ने गरेका छन् । पलाँता गाउँपालिकाका पूर्वअध्यक्ष लक्ष्मणबहादुर बमले कर्णाली नदीमा पुल नभएकै कारणले सङ्घीय र प्रदेश सरकारको ध्यानाकर्षण गर्न तेलका खाली ड्रममाथि गाडी राखेर कर्णाली नदीमा डुङ्गा बनाई दुई गाडी गाउँपालिका पुऱ्याइएको बताउनुभयो । त्यहाँ लगिएका गाडी बिग्रेपछि मर्मत गरिएको थियो । दुई वटा गाडी मर्मत गरेर एउटा गाडी प्रमुख प्रशासकीय अधिकृत चढ्ने र अर्को गाडी गाउँपालिका अध्यक्ष चढ्ने बनाइएको छ । यस्तो समयमा कम्तीमा गाउँपालिकाले आफ्ना गाडी मर्मत गरेर पालिकाभित्र सञ्चालन गरेर भए पनि स्थानीय बासिन्दालाई सेवा दिनुपर्ने हो ।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः २०२७/०७/२७

स्वर्गारोहणः २०८१/०६/३०

स्व. प्रेमकला मल्ल

हिमाली गाउँपालिकामा नर्सिङ अधिकृत एवम् स्वास्थ्य शाखा प्रमुख पदमा कार्यरत श्री प्रेमकला मल्लको यहि मिति २०८१ साल असोज ३० गते भएको अल्पायु मै अकल्पनीय निधन बाट समग्र हिमाली गाउँपालिकालाई अपुरणीय क्षति भएको छ । यसबाट हामी सबै गाउँपालिका कार्यालय अन्तगत जनप्रतिनिधी तथा कर्मचारी परिवार मर्माहत भएका छौं । दिवंगत आत्माको चिर शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । दुःखको यस क्षणमा उहाँको आत्माको चिरशान्ति र बैकुण्ठ बासको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित गहिरो समवेदना प्रकट गर्दछौं ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## संघीय सरकार नै मारवाडीहरुको संरक्षक

नेपालमा भारतबाट सामान्य एकसरो लुगा लगाएर दुई/चार सय रुपैया गोजीमा हालेर नेपाल छिरेको केही मारवाडीहरु (बनिँया) साठी सत्तरी वर्ष पुग्दा नपुग्दै नेपाल देश नै कब्जा गर्ने तथा नेपालको सरकारलाई नै आफ्नो अनुकूलमा चलाउन सक्ने हैसियत बनाएर बसेका रहेछन्। जुन कुरा काठमान्डौंको गौशालामा रहेको एउटा धर्मशालाको घटनाले उजागरण गरिदियो। करिब असी वर्ष देखि सञ्चालनमा रहेको सो धर्मशाला मारवाडी समाजले वर्षौं सम्म निशुल्क चलाएको रहेछ। बि.स.२०६० सालमा पशुपति क्षेत्र विकास कोषले सो धर्मशालालाई वार्षिक एकान्न हजार रुपैया पशुपति विकास कोषलाई सहयोग स्वरुप दिने गरी सम्झौता गरेर दिएको रहेछ। जबकि सो धमैशालामा दुई दर्जन बढी त ब्यापारीक सटरहरु नै छन्। त्यो पनि गौशाला जस्तो महत्वपूर्ण चोकमा। केही महिना अघि मात्र अदालतले फैसला गरेर मारवाडी समाजले अवैधानिक रुपमा सञ्जाचन गर्दै आएको सो गौशालालाई स्थानीय सरकारले गरिब दुखीहरुका लागि निशूल्क रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु भनी आदेश दियो। सोही आदेश अनुसार नै पशुपति क्षेत्र विकास कोषले काठमान्डौं महानगर पालिकालाई पत्राचार गरेको थियो। सोही कुराको कार्यान्वयन गराउन काठमान्डौं महानगर पालिकाले धर्मशाला खाली गराउन खोज्दा संघीय सरकारले नेपाल प्रहरीलाई प्रयाग गरेर महानगर प्रहरीहरुलाई काम गर्न अवरोध गऱ्यो र त्यहाँ रहेका मारवाडीहरुको संरक्षण गऱ्यो। प्रहरीको जवाफ थियो कि माथिको आदेश छ हामीलाई यस्तो गर्नु भनेर। शान्ति सुरक्षाको बहाना बनाएर वर्तमान संघीय सरकार त्यसमा पनि प्रधानमन्त्री स्वयम नै मारवाडीहरुको संरक्षणमा उभिएको आरोप काठमान्डौंका नागरिकहरुले नै लगाइरहेका छन्।

# न्यायालयप्रतिको जनआस्था



सरोज भट्टराई



मुलुकले ३२औं प्रधानन्यायाधीशका रूपमा प्रकाशमान सिंह राउतलाई पाएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा १२९ को उपधारा २ बमोजिम प्रधानन्यायाधीशमा नियुक्त गरेपछि सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश राउतको काँधमा न्यायपालिकाको साख अघिवृद्धि गर्ने अभिभारा आएको छ। संविधानको धारा १२७ को उपधारा (१) ले नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत रहने व्यवस्था गरेको छ। न्यायपालिकाको सबैभन्दा माथिल्लो तहमा रहेको सर्वोच्च अदालत अभिलेख अदालतको रूपमा रहेको छ। नेपालमा हाल ७ वटा उच्च अदालत तथा उक्त उच्च अदालतका विभिन्न ९ वटा इजलास तथा २ वटा अस्थायी इजलास गरी कुल १८ वटा अदालत एवं इजलासहरूको स्थापना भएको छ। हरेक जिल्लामा एउटा जिल्ला अदालत गरी कुल ७७ जिल्ला अदालत रहेका छन्। सोका साथै अन्य न्यायिक निकाय वा न्यायाधिकरणको रूपमा विशेष अदालत, प्रशासकीय अदालत, श्रम अदालत, ऋण असुली न्यायाधिकरण, राजस्व न्यायाधिकरण, वैदेशिक रोजगार न्यायाधिकरणलगायतबाट समेत न्याय सम्पादनको कार्य हुँदै आएको छ। हाम्रो देशको लोकतान्त्रिक शासन प्रणालीले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका बीच शक्ति पृथकीकरण भएको सुनिश्चित गर्दछ। लोकतन्त्रका यी तीन स्तम्भहरूबीचको नियन्त्रण र सन्तुलन कायम राख्ने उद्देश्यले शक्ति पृथकीकरणको अवधारणा आएको हो। कार्यपालिकाका प्रमुख प्रधानमन्त्री र प्रतिनिधिसभाको प्रमुख सभामुखजस्तै न्यायपालिकाको प्रमुखको रूपमा प्रधानन्यायाधीश रहने संवैधानिक व्यवस्था रहेको छ। न्यायको प्रभावकारी वितरण सुनिश्चित गर्ने जिम्मेवारी न्यायालयको हो। संविधानविद्हरूका अनुसार प्रधानन्यायाधीश राउतको काँधमा आएको गहन जिम्मेवारी अवसर र चुनौती दुवै भएको टिप्पणी गर्छन्। अहिले सबैको नजर प्रधानन्यायाधीश राउतको आगामी भूमिका प्रति रहेको छ। न्यायमा सबैको पहुँच पुग्ने न्यायिक प्रणालीको आशा सेवाग्राहीले गरेका छन्। ढिलो न्याय पाइने अवस्थाको सामना सेवाग्राहीले गर्नु परिरहेको छ। न्यायमा सबैको पहुँच र शीघ्र न्याय प्राप्ति अहिले ठूलो चुनौतीको रूपमा खडा भएको छ। यो कानुनी समुदाय र आम जनताको लागि गम्भीर मुद्दा बनेको छ। अहिले तर विद्यमान न्यायिक प्रणाली र स्रोतसाधनको पर्याप्त व्यवस्था नहुँदा शीघ्र न्याय प्राप्तिमा ढिलाइ हुने गरेको छ। सर्वोच्च अदालत र अन्य मातहतका अदालतमा न्यायाधीशको अभावले समयमै न्याय दिन बाधा पुऱ्याइरहेको छ। यो अवस्थालाई सम्बोधन गर्न दरबन्दीअनुसार रिक्त पदमा पदपूर्ति हुनुपर्छ। सबै तहमा पर्याप्त संख्यामा न्यायाधीश नहुँदा वर्षौंदेखि हजारौं मुद्दा विचाराधीन अवस्थामा छन्। मुद्दाको अन्तिम किनारा लगाउने मात्र होइन फैसला लेखन कार्यमा समेत ढिलाइ भइरहेको छ। न्यायपालिकामा पर्याप्त बजेटसहित आवश्यक पूर्वाधार र स्रोतसाधनको कमी हुनु पनि चिन्ताको विषय हो। धेरै अदालतहरू पुरानो अवस्थाहरूमा सञ्चालन भएको पाइन्छ। अभिलेखहरू सुरक्षित गर्न समेत अप्ठेरो भइरहेको छ। यसले प्रभावकारी सेवामा बाधा पुऱ्याउँछ र न्याय प्रणालीमा जनताको विश्वास घटाउँछ। मुद्दाको अभिलेखीकरण सुरक्षित र व्यवस्थित गराउनु पर्ने जरुरी छ। जनशक्तिलाई समय सापेक्ष तालिम, सेमिनार र सम्बन्धित गतिविधिहरूमार्फत क्षमता अभिवृद्धि गराउनु पर्ने खाँचो छ। विकसित कानुनी परिदृश्यहरूसँग अनुकूलन गर्न आवश्यक छ। दक्ष जनशक्तिबिना कानुनी मुद्दाहरूको निष्पक्ष र छिटो सुनुवाइको सम्भावना धेरै टाढा छ। न्यायपालिका र जनताबीच विश्वास निर्माण गर्न प्रभावकारी सार्वजनिक गुनासो व्यवस्थापन र समाधान संयन्त्र अत्यावश्यक छ। न्यायिक प्रशासनले यस्ता गुनासोहरूलाई समयमै सम्बोधन गर्ने कुरा सुनिश्चित गर्नुपर्छ। संघीय प्रणाली अवलम्बन गर्दा नेपालको कानुनी प्रणालीमा केही जटिलता सिर्जना भएको मानिन्छ। विचाराधीन मुद्दाहरूको उच्च संख्याले मुद्दा व्यवस्थापन एवं न्यायिक प्रणालीमा रणनीतिक सुधार गर्नु पर्ने खाँचोलाई टड्कारो रूपमा देखाउँछ। सर्वोच्च अदालतले सेवानिवृत्त प्रधानन्यायाधीश र न्यायाधीशहरूको अनुभव र विशेषज्ञता बाट फाइदा लिने आकांक्षा राख्नुपर्छ। न्यायिक प्रणालीको प्रतिष्ठा बढाउने निर्णयमा सेवा निवृत्त प्रधानन्यायाधीश र न्यायाधीशको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। न्याय प्रशासनको सम्बन्धमा नेपालको संविधान, न्याय प्रशासन ऐन, २०७३, सर्वोच्च अदालत ऐन, २०४८, सर्वोच्च अदालत नियमावली, २०७४, उच्च अदालत नियमावली, २०७३ र जिल्ला अदालत नियमावली, २०७५ लगायत अदालतसँग सम्बन्धित विभिन्न ऐन तथा नियमावलीहरू छन्। यी सबैको सफल कार्यान्वयन भएमा पनि धेरै समस्याको समाधान हुनेछन्। न्याय गरेर मात्र हुँदैन गरेको जस्तो पनि देखिनु पर्छ भन्ने मान्यता छ। नवनियुक्त प्रधानन्यायाधीश राउतले उच्च इमान्दारिताका साथ आफ्नो कर्तव्य निर्वाह गर्दा पनि न्याय प्रणाली सुधारमा सहयोग हुने छ। प्रधानन्यायाधीश राउतले प्रदर्शन गरेको निष्ठाले समग्र न्यायपालिकामा पनि चम्किलो प्रकाश छर्नेछ। अन्त्यमा, न्याय प्रणालीको संरचनात्मक सुधार, न्यायिक दक्षता अभिवृद्धि, न्यायमा पहुँच र शीघ्र न्याय प्राप्तितर्फ अग्रसर भएमा मुलुकको न्याय प्रणालीप्रति जनआस्था वृद्धि हुनेछ। न्यायपालिकाले रणनीतिक योजनामार्फत चालेका सुधारका कार्यहरूलाई तीब्रता दिनुपर्ने cfj Zos t f 5 .

*-गोरखापत्र*

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।
सोरू गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।
पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।
पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# प्राकृतिक सुन्दरता सँग मेलाको साइनो

■ नमस्ते समचारदाता

सल्यान, कार्तिक/०१



वडा दशैको कोजाग्रत पूर्णिमाका दिन मेला लाग्ने सल्यानको कुमाख प्राकृतिक तथा धार्मिक पर्यटकीय स्थल हो । सल्यान सदरमुकाम खलंगाबाट आठ घण्टा पैदल यात्राको दूरीमा रहेको कुमाख धार्मिक तथा प्राकृतिक पर्यटनका हिसाबले निकै महत्वपूर्ण मानिन्छ । जसको संरक्षण र पर्वद्धन गर्न जरुरी समेत देखिन्छ । समुन्द्री सतहदेखि दुई हजार पाँच सय २० मिटर उचाइमा रहेको यो ठाउँ प्राकृतिक रुपमा निकै नै मनमोहक समेत रहेको छ । कुमाख गाउँपालिका र शिद्धकुमाख गाउँपालिको संगम स्थान रहेको यो पहाडको चुचुरोमा सिद्ध मन्दिर रहेको छ । पहाडका विभिन्न स्थानमा रहेका दर्जनौं गुफा पर्यटनका लागि आकर्षण केन्द्र बन्न सक्छन् । कुमाखमा रहेको सिद्ध गुफा निकै रमणीय रहेको छ । गुफाको अवलोकनका साथै पूजा आराधना समेत हुने गरेको छ । धार्मिक विश्वासका साथ यहाँ आउँने भक्तजनहरुले कुमाखमा रहेको सिद्ध मन्दिरमा विशेष गरी दशैको चतुर्दशी र कोजाग्रत पूर्णिमाको दिन पूजा आराधना गर्ने प्रचलन रहेको मन्दीरका पुजारी लालबहादुर डाँगीले (जुजु) बताउछन् । कुमाख प्राकृतिकरुपमा निकै मनोरम रहेको छ । कुमाखको टुप्पोबाट १५ जिल्लाका भू-भाग देख्न सकिन्छ । कुमाख पहाडबाट उत्तरमा रहेका सिस्ने, धौलागिरी, चाखुरे हिमाल, डिग्रे भगवतीको मन्दिर, जन्ती बस्ने लेकलगायतका ढुङ्गे पहाड र अधिकांश गाउँ एवम् तराईका विभिन्न भू-भाग अवलोकन गर्न सकिने स्थानीय डिल्लीराज जैसीले जानकारी गराए । कुमाखमा कोजाग्रत पूर्णिमाका दिन सिद्ध मन्दिरदेखि १ किलोमिटर तल जिमालीतर्फको समथर भू-भागमा मेला लाग्ने गर्दछ । मेलामा आसपासका विभिन्न गाउँको स्थानीय लोकसंस्कृति झल्कने बनगाडी, टप्पा, सोरठी, पैसेरी, दोहरी, सेरेङ्गेजस्ता नाच प्रदर्शन गर्ने गर्दछन् । आ-आफ्ना गाउँघरका पहिचान मेलामा देखाउने, जमघटन हुने पर्वका रुपमा कुमाख मेलालाई मानिदै आएको पाइन्छ ।

# 'अपराध नियन्त्रण र अनुसन्धानमा नेपाल प्रहरी उत्कृष्ट'

■ नमस्ते समचारदाता

सुर्खेत, कार्तिक/०१



कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले अपराध नियन्त्रण र अनुसन्धानका क्षेत्रमा नेपाल प्रहरीले विश्वस्तरमा प्राप्त गरेको ख्याति नेपाली र नेपालको पुँजी भएको बताउनुभएको छ । नेपाल प्रहरी स्थापनाको ६९ औँ वर्ष प्रवेश गरेको अवसरमा कर्णाली प्रदेश प्रहरीले बुधबार आयोजना गरेको कार्यक्रममा बोल्दै उहाँले सीमित साधन र स्रोतबिच पनि राज्यले सुम्पेको जिम्मेवारीलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा नेपाल प्रहरीले देखाएको कार्यकुशलताका लागि सिङ्गो प्रहरी सङ्गठनलाई बधाईसमेत दिनुभयो । उहाँले गौरवशाली इतिहास कायम गरेको नेपाल प्रहरी अनेकन बाधा, अवरोध र चुनौतीको सामना गर्दै आजको अवस्थामा आइपुगेको बताउँदै प्रहरी सङ्गठनलाई यो अवस्थामा ल्याई पुर्‍याउन प्रत्येक सदस्यको अथक मेहनत र परिश्रम रहेको उल्लेख गर्नुभयो । मुलुकमा देखापरेका हरेक विषम परिस्थितिलाई निस्तेज तुल्याउन नेपाल प्रहरीका प्रत्येक सदस्यहरू उच्च मनोबलका साथ खटिँदै आएको उहाँको भनाइ छ । नागरिकको सुरक्षा सुनिश्चित गर्न आफ्नो व्यक्तिगत र पारिवारिक दायित्वलाई थाती राखी देश र जनताको सुरक्षामा तैनाथ प्रहरी कर्मचारीको समर्पणभाव सबैको प्रेरणाको स्रोत रहेको मुख्यमन्त्री कँडेलले बताउनुभयो । मुलुकको विकास, समृद्धि र सुशासनका लागि आन्तरिक सुरक्षा व्यवस्था सुदृढ हुनु अत्यन्त जरुरी रहेको बताउनुभयो । उहाँले आन्तरिक सुरक्षा व्यवस्थाको मियोका रूपमा रहेको नेपाल प्रहरीको भूमिका र कर्तव्यबोधले मात्र सुदृढ सुरक्षा व्यवस्थासँगै मुलुकमा कानुनी शासन र सुशासनको पूर्ण अनुभूति गर्न सकिने बताउनुभयो । उहाँले भन्नुभयो, 'सबै प्रकारका अवाञ्छित गतिविधि र गलत क्रियाकलाप नियन्त्रणले मात्र नागरिकले कानुनी शासनको प्रत्याभूत महसुस गर्न सक्दछन् । नागरिकलाई कानुनी शासनको प्रत्याभूत हुने गरी नेपाल प्रहरी सबै खालका अवाञ्छित गतिविधि र गलत क्रियाकलाप नियन्त्रणमा पूर्ण सक्षम छ ।' यस्तै प्रहरीको जिम्मेवारी शान्तिसुरक्षासँगै नागरिकको हृदयमा विश्वास र स्नेहको बन्धन स्थापित गर्नु पनि हो, भन्नुभयो । संविधानतः प्रदेश मातहत प्रदेश प्रहरी रहने व्यवस्था भए पनि सङ्घीय कानुनको अभावमा प्रदेश प्रहरी प्रदेश सरकार मातहत अझै आइसकेको छैन भन्दै मुख्यमन्त्री कँडेलले प्रदेश सरकार मातहत आइनसके पनि नेपाल प्रहरीका प्रदेशलगायतका सबै युनिटले शान्तिसुरक्षा, विपत् न्यूनीकरणलगायतका विषयमा प्रदेश सरकारसँग समन्वयात्मक ढङ्गले काम भइरहेको उहाँले बताउनुभयो । नेपाल प्रहरीको संस्थागत हित र दिगो उन्नतिका लागि प्रदेश सरकार सदैव सहयोगी रहने तथा सङ्गठनले सुरु गरेका हरेक रचानात्मक योजना तथा कार्यलाई प्रदेश सरकारको साधन र स्रोतले भ्याएसम्म सहयोगी बन्ने प्रतिबद्धतासमेत उहाँले व्यक्त गर्नुभएको छ ।

**ट्राफिक कार्यालय उत्कृष्ट**

यसैबिच ६९ औँ प्रहरी दिवसका अवसरमा मुलुकका सात वटै प्रदेशस्तरीय ट्राफिक कार्यालयमध्ये कर्णालीको कार्यालय उत्कृष्ट भएको छ । नेपाल प्रहरी कार्यदक्षता मूल्याङ्कन २०८१ मा अन्तरप्रदेश राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयमध्येबाट कर्णालीको कार्यालय उत्कृष्ट घोषित भएको हो । बुधबार प्रहरी प्रधान कार्यालयमा कर्णालीका ट्राफिक प्रहरी प्रमुख एसपी अपिलराज बोहोरालाई प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले प्रशंसापत्र प्रदान गरेको कर्णाली प्रदेश राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका सूचना अधिकारी हरि बिसीले जानकारी दिनुभयो ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# हिमाली गाउँपालिका बाजुरामा सेवारत नर्सिङ अधिकृत मल्लको निधन

■ नमस्ते समचारदाता

बाजुरा, कार्तिक/०१



बाजुरा जिल्लाको हिमाली गाउँपालिकाको बिच्छ्या स्वास्थ्य चौकीमा कार्यरत नर्सिङ अधिकृत प्रेमकला मल्लको ५२ बर्षको उमेरमा निधन भएको छ । ३० बर्षदेखी दुर्गम गाउँ हिमालीमा कार्यरत नर्सिङ अधिकृत मल्लको हृदयघातका कारण मृत्यू भएको हिमालली गाउँपालिकाले जानकारी दिएको छ । बाजुरा नजिकै हुम्लामा दिदीको घरमा गएको बेला एकाएक बिरामी भएकी र हिमाली गाउँपालिकाको समन्वयमा कोल्टी आधारभुत अस्पतालमा पुर्याउनै लाग्दा मृत्यु भएको हिमाली गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत राज बहादुर भण्डारीले बताएका छन । नर्सिङ अधिकृत मल्लले हाल केही समय देखी हिमाली गाउँपालिका स्वास्थ्य शाखा प्रमुखको जिम्मेवारी समाल्दै आएकी थिइन् । बाजुराको अति विकट बिच्छ्या घरघरमा पुगेर सेवा गरिरहेकी अनमी मल्लको निधनले हिमाली गाउँपालिका शोकमग्न बनेको छ ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
तांजाकोट गाउँपालिका
हुम्ला

# दशैंको समयमा जमुनाहा नाकाबाट ४५ जनाको उद्धार

नमस्ते समचारदाता
नेपालगन्ज, कार्तिक/०१



नेपालगन्ज स्थित नेपाल र भारत सिमानाका जमुनाहबाट दसैंको समयमा जोखिमपूर्ण यात्रामा रहेका ४५ जना नेपाली नागरिकको उद्धार गरिएको छ। माइती नेपाल नेपालगन्ज कार्यालयका संयोजक केशव कोइरालाले जोखिमपूर्ण यात्रा गर्दै भारततर्फ जाँदै गरेको अवस्थामा तीन जना बालक १७ जना, १८ वर्ष मुनिका बालिका र २५ जना १८ वर्ष माथिका महिला गरी असोज महिनामा ४५ जना नेपाली नागरिकको जमुनाहबाट उद्धार गरिएको बताए। कोइरालाले भने, 'असोज महिनामा हामीले जमुनाह नाकाबाट तीन जना बालक १७ जना, १८ वर्ष मुनिका बालिका र २५ जना १८ वर्षमाथिका महिलालाई उद्धार गरेका छौं, उहाँहरु जोखिमपूर्ण यात्रा गर्दै भारततर्फ जाँदै हुनुहुन्थ्यो'। 'उद्धार गरेका सबैलाई हाम्रो सेल्टरमा राख्यौं, काउन्सिलिङ गरेका छौं र उहाँहरुका अभिभावकलाई बोलाएर अभिभावकलाई समेत काउन्सिलिङ गरी जिम्मा लगाएर पारिवारिक मिलान गराइदियौं' उनले भने। असोज महिनामा खोजतलास तथा उद्धार गर्न कार्यालयमा ४९ वटा निवेदन प्राप्त भएका सोही अनुसार खोजतलास तथा उद्धारका लागि १२ जना बालिका, पाँच जना बालक र ३२ जना १८ वर्षमाथिका महिला गरी ४९ जनाको निवेदन प्राप्त भएको छ। ४९ जनामध्ये आठ जनालाई फेला पारेर सम्बन्धित अभिभावकलाई बुझाइएको कोइरालाले बताए। 'असोज महिनामा खोजतलास तथा उद्धारका लागि ४९ वटा निवेदन प्राप्त भएको थियो, जसमध्ये पाँच जना बालिका, एक जना बालक र दुई जना महिलालाई उद्धार गरेर सम्बन्धित अभिभावकलाई जिम्मा लगाएका छौं' कोइरालाले स्पष्ट पारे। दसैंको घटस्थापनादेखि असोज ३० गते सम्ममा मात्र नाकाबाट ६ जना १८ वर्षमुनिका बालिका र चार जना १८ वर्षमाथिका महिला गरी १० जनाको उद्धार गरेको उनले जानकारी गराए। सोही समय अवधिमा १८ वर्ष मुनिका बालिका ६ जना, बालक एक जना र १८ वर्षमाथिका महिला १० जना गरी १७ जना नागरिकको खोजतालस तथा उद्धार गरिदिन भनि निवेदन प्राप्त भएको थिए। नेपालगन्जको जमुनाह नाका भएर बाँके, दाङ, सुर्खेत, दैलेख, जाजरकोट, प्युठानलगायतका जिल्लाबाट जोखिमपूर्ण यात्रामा नेपाली नागरिकहरु भारततर्फ जाने गरेको तथ्याङ्क रहेको माइती नेपाल नेपालगन्ज कार्यालयले जनाएको छ।

# मारवाडी समिति सामु पर्यटनमन्त्री निरीह

नमस्ते समचारदाता
काठमाडौं, कार्तिक/०१




मारवाडी सेवा समितिको दबाब थेग्न नसकेपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले आफ्नो निर्णय आफै उल्ट्याएका छन्। २० असोजमा आफ्नै अध्यक्षतामा बसेको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को बैठकले गरेको निर्णय मन्त्री पाण्डेले बुधबार ३० असोजमा उल्ट्याएका हुन्। पाण्डेको अध्यक्षतामा २० असोजमा बसेको परिषद् बैठकले पशुपति क्षेत्र विकास कोषले गौशाला स्थित धर्मशाला सञ्चालनको जिम्मा काठमाडौं महानगरपालिकालाई दिने निर्णय गरेको थियो। परिषद् बैठकले काठमाडौं जिल्ला अदालतको फैसलालाई आधार मानेर मारवाडी सेवा समितिसँगको सम्झौता भंग गरी महानगरलाई धर्मशाला सञ्चालन गर्ने जिम्मा दिने निर्णय गरेको थियो। निर्णयपछि विरोधमा उत्रिएको मारवाडी सेवा समितिको दबाब थेग्न नसकेपछि मन्त्री पाण्डेले आफ्नो निर्णय आफै उल्ट्याएका हेन्। मारवाडी सेवा समितिले धर्मशाला सञ्चालनको निरन्तरता र मोहियानी हक समेत दाबी गर्दै आन्दोलन गरिरहेको छ। धर्मशालासँगै अन्य विभिन्न प्रयोजनका लागि मारवाडी सेवा समितिले लिजमा लिएको पशुपति विकास कोषको करिब ९ रोपनी जग्गा बजार मूल्य अनुसार भाडादर नभएको भन्दै तत्कालीन मन्त्री सुदन किराँतीको पालामा भंग गरिएको थियो। लिज भंगविरुद्ध मारवाडी सेवा समिति काठमाडौं जिल्ला अदालतमा गए पनि समितिको दाबीलाई अदालतले अस्वीकार गरिदिएपछि पशुपति विकास कोषको परिषद् बैठकले धर्मशाला सञ्चालनको जिम्मा काठमाडौं महानगरपालिकालाई दिने निर्णय गरेको थियो। मारवाडी सेवा समितिका व्यक्तिहरु राजनीतिक शक्तिकेन्द्र, व्यापारी र भारतीय दूतावासलाई समेत प्रयोग गरी कोषको २० असोजको निर्णय उल्टाउने प्रयास गरिरहेका थिए। तीनै शक्तिकेन्द्रको दबाब थेग्न नसकेपछि मन्त्री पाण्डेले आफ्नो निर्णय १० दिनमै उल्ट्याउन बाध्य भएका हुन्। ३० असोजमा मन्त्री पाण्डेको निर्देशनमा मन्त्रालयका शाखा अधिकृत मित्रदेव लम्सालले कोषलाई पत्र लेखेर धर्मशाला खाली नगर्न निर्देशन दिएका छन्। पत्रमा अर्को निर्णय नभएसम्मका लागि धर्मशाला खाली नगर्न भनिएको छ। थप निर्णयका लागि ४ कात्तिकमा परिषद् बैठक राख्न सदस्यसचिव मिलनकुमार थापालाई पत्रकार्फत मन्त्रालयले निर्देशन दिएको छ।




# मानव बेचबिखन आरोपी २४ वर्षपछि पक्राउ

नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/०१



सुर्खेतमा १५ हजारमा युवती बेच्ने एक जनालाई २४ वर्षपछि प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा पश्चिम सुर्खेतको चौकुने गाउँपालिका-७ का ६१ वर्षीय भक्तबहादुर विष्ट रहेका छन्। विष्टले साबिक गुटु गाविस-८, की २१ वर्षीय नामसरा देवी कँडेललाई ०५७ साल असोजमा भारतमा लगेर बेचेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायव उपरीक्षक वीरेन्द्रवीर विश्वकमाले जानकारी दिनुभयो। विवाहको प्रलोभन देखाएर विष्टले नामसरा देवीलाई भारतको गोरखपुर लगेको उहाँको भनाइ छ। त्यहाँ एक अपरिचित भारतीय नागरिकलाई विष्ट १५ हजारका बिक्री गरेको प्रहरी नायव उपरीक्षक विश्वकमाको भनाइ छ। नामसरा देवीलाई बिक्री गरेको विषयमा ०५८ मङ्सिरमा जिल्ला प्रहरी कार्यालय सुर्खेतमा मुद्दा दायर गरिएको थियो। तर विष्ट लामो समयदेखि फरार थिए। विष्टलाई केही दिन अघि स्थानीय गुटु बजार एरियाबाट पक्राउ गरिएको हो।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com
9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके